नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको बैठक

मितिः २०७९।०३।०५ गते

**निर्णयहरुः**

१. यस नगरपालिकाको आगामी आ.व. २०७९।०८० को वार्षिक बजेट स्वीकृत गरी दोस्रो नगर सभाको पहिलो अधिवेशनमा पेश गर्ने ।

२. आगामी आर्थिक वर्षको लागि राजश्वको दायरा र दर तोकिएको यस नगरपालिकाको आर्थिक विधेयक, २०७९ स्वीकृत गरी नगर सभामा पेश गर्ने ।

३. योजना तथा कार्यक्रमहरुलाई व्यवस्थित तवरले समयमै सम्पन्न हुने व्यवस्था मिलाउने । सम्पूर्ण योजनाहरु छिटो सम्पन्न गर्ने वडालाई उचित पुरस्कारको प्रवन्ध गर्दै पूर्वाधार निर्माण लगायतका कार्यका लागि आगामी आर्थिक वर्षमा थप बजेटको व्यवस्था गर्ने ।

४. यस नगरपालिकाको फोहोरमैला व्यवस्थापनको लागि उपयुक्त जग्गा पहिचान गर्ने । फोहोरमैला व्यवस्थापन गर्ने डम्पिङ क्षेत्र उपलब्ध गराउने वडालाई पूर्वाधार निर्माण लगायतका कार्यका लागि सोही वडामा खर्च गर्नेगरी थप बजेटको व्यवस्था गर्ने ।

५. यस नगरपालिकाको कक्षा १ देखि कक्षा ८ सम्मको लागि पूर्णाङ्क १०० पाठ्यभार ५ को स्थानीय पाठ्यक्रम स्वीकृत गरी चालु शैक्षिक सत्र २०७९ बाटै लागू गर्ने ।

६. यस नगरपालिकाको आकस्मिक मर्मत सम्भार कार्यविधि, २०७९ स्वीकृत गर्ने । स्वीकृत कार्यविधि अनुसारको मर्मत सम्भार कोषमा जम्मा हुने रकमबाट सडकको पहिरो पन्छाउने तथा सडक बचाउका कार्य गर्ने ।

७. नगरपालिकाको पहिचान झल्काउने लोगो बनाउन र नगर गान पेस गर्नका लागि १५ दिनको सार्वजनिक सूचना जारी गर्ने । छनौट भएका लोगो र नगर गान रचना गर्ने चित्रकार र रचनाकारलाई उचित पुरस्कारको प्रवन्ध गर्ने ।

८. नगरपालिकाको नगरसभा, नगर कार्यपालिका बैठक आदिमा सवै सदस्यहरु औपचारिक पोशाकमा उपस्थित हुने ।

९. यस नगरपालिकाको दलित विद्यार्थी छात्रवृत्ति कोष सञ्चालन कार्यविधि, २०७९ स्वीकृत गर्ने । चालु आ.व. २०७८।०७९ मा दलित विद्यार्थी छात्रवृत्तिका लागि छुट्याईएको रकम सो कार्यविधि बमोजिम स्थापित हुने कोषमा जम्मा गर्ने ।